सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

गुराँस गाउँपालिका, १ नम्बर वडा

सहजिकरण

STAR INNOVATION
And Research Center Pvt. Ltd.

आयोजक

गुराँस गाउँपालिका सरकार

पृष्ठभुमी

गुराँस गाउँपालिका वडा नम्बर १ को संक्षिप्त परिचयः

राज्यको पुनःसंरचनासँगै दैलेख गुराँस गाउँपालिका वडा नम्बर एक साविकका खड्कबाडा गाउँपालिकाको केही भाग मिलाएर बनाइएको हो । पश्चिममा वराहताल गाउँपालिका वडा नम्बर ७ पुर्वमा गुराँस गाउँपालिका वडा नम्बर ३ र उत्तरमा कर्णाली नदी र तुर्माखाँद गाउँपालिका र दक्षिणमा वराहातालसँग जोडिएको यो वडामा विशेषगरी मगर समुदायको वाहुल्यता बढी छ । मगर समुदायसँगै अन्य समुदायको पनि बसोबास रहेको वडा नम्बर एकका नागरिकको मुख्य पेशा कृषि हो । यो वडामा विभिन्न पर्यटकीय क्षेत्रहरु पनि रहेका छन् । विशेषगरी देउराली गुफा परिचित पर्यटकीय स्थलको रुपमा रहेको छ भने यहाँ अन्य मनोरम वातावरणहरु रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को अनुसार वडा न १ को जनसंख्या २ हजार एक सय ३२ रहेको छ । जसमा पुरूष ९ सय ९२ र महिला ११ सय ३९ जना रहेका छन् ।

सार्वजनिक सुनुवाईः

नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्नसंरचना भई तीन तहको सरकारको अवधारणाबाट स्थानीय सरकार गठन भएका छन् । जन निर्वाचित प्रतिनिधिहरुले सरकार सञ्चालन गरि रहेका छन् । तीनतहको सरकारले सञ्चालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र अधिकारको उपयोग गर्ने कार्यको थालनी भएको छ । संघीय सरकार, प्रदेश सरकारर स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि सोही अनुरुप अभ्यास गर्दै आएका छन् । जसअनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ । विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंक समानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउनतर्फ स्थानीय सरकार लागेका छन् ।

स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ । तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् ।

कुनै पनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, रजन सभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जन गुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व, र विकाससँग सम्बन्धित रहन्छ ।

गुराँस गाउँपालिका वडा नम्बर १ सार्बजनिक सुनुवाई :

वडा कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । त्यही व्यवस्थाअनुसार आर्थिक बर्ष २०८१/०८२ मा सञ्चालन गरिएका आयोजना तथा सम्पादन गरेका कार्यहरुको गुराँस गाउँपालिका वडा नम्बर १ को सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सोसँग सम्बन्धित सेवा प्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजान आवश्यक रहेको छ ।

यस सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालिले गरेको हो ।

सार्बजनिक सुनुवाईको उद्देश्यः

सार्वजनिक सुनुवाई गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष ०८१/०८२ मा गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालयबाट भएका सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा आम नागरिकको बुझाई र प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु मुख्य उद्देश्य हो । यसका विशिष्ट उद्देश्यहरु तपशिल अनुसार रहेका छन् ।

- वडाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न ।
- विकास निर्माणबारे सरोकारवालाहरुको धारणा, जिज्ञासा, विचार र सुझावलाई सम्बोधन गर्न ।
- स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न ।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा सेवाप्रवाहलाई गुणस्तरीय बनाउन ।
- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा सरकारलाई जिम्मेवार बनाउन ।

सार्बजनिक सुनुवाईको विवरण

सहजिकरण गर्ने संस्थाः स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालि

सार्बजनिक कार्यक्रम संचालन भएको मितिः २०८२ असार महिनाको १ गते

सार्बजनिक सुनुवाई भएको स्थानः गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालय सेप्टी दैलेख ।

सार्बजनिक सुनुवाई भएको समयः दिउसँसो २ बजेदेखि ४ बजेसम्म

कार्यक्रममा सहभागी संख्याः ५० जना

कार्यक्रमको प्रमुख जवाफदेही वक्ता:

- वडा अध्यक्षः धर्म बहादुर रावल
- वडा सचिव दल बहादुर घले

सहायक जवाफदेही वक्ता:

१) दान बहादुर दर्लामी (वडा सदस्य)

२) नरउत्तम खड्का (वडा सदस्य)

३) हरिकला कामी (दलित महिला वडा सदस्य)

४) मन कुमारी रावत (महिला सदस्य)

५) प्रताव हमाल (भगवती प्रावि)

६) ओम रिजाल (सामुदायिक स्वास्थ्य इकाई इन्चार्ज)

सार्बजनिक सुनुवाई कार्यक्रममा पेश भएका प्रतिवेदनहरुः

गुराँस गाउँपालिका वडा नम्बर १ को आर्थिक बर्ष २०८१/८२ को बार्षिक सार्बजनिक सुनुवाई कार्यक्रममा तपशिलका प्रतिवेदनहरु प्रस्तुत गरिएको थियो ।

- वडाको नीतिगत र सेवामा सुधार तथा योजना सम्बन्धि प्रतिवेदनः वडा अध्यक्ष धर्म बहादुर रावल
- चालू आर्थिक वर्ष २०८१/८२ मा वडाबाट प्रवाह भएका सेवाहरुको बारेमा प्रतिवेदनः वडा सचिव दल बहादुर घले
- स्वास्थ्य सेवाको प्रवाह र प्रगतिः स्वास्थ्य चौकी इन्चार्ज ओम प्रसाद रिजाल
- नागरिक सर्वेक्षण प्रतिवेदनः **सहजकर्ता टेकराज केसी**
- आचारसहिंता प्रस्तुतः **सहजकर्ता टेकराज केसी**

सार्बजनिक सुनुवाई कार्यक्रममा भएको उपस्थिति

२०८१/८२ को एक बर्षमा सम्पादन गरिएका विकास निर्माण कार्य, सेवा प्रवाहबारेमा सार्वजनिक सुनुवाई गरियो । सार्बजनिक सुनुवाई कार्यक्रममा विभिन्न वस्तीका स्थानीय, राजनीतिक दल, टोल विकास समिति, योजना उपभोक्ता समिति, सामुदायिक संस्था, विद्यालय, आमा समूह, शिक्षक, बुद्धिजीवि, पत्रकार लगायतको सहभागिता रहेको थियो ।



आज मिति २०८२ असार महिनाको १ गतेका दिन गुराँस गाउँपालिकाको आयोजना तथा ह्युमन इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालिको सहजिकरणमा तपसिलको उपस्थितिमा चालु आव २०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाई सम्पन्न गरियो ।

तपसिल



सार्वजनिक सुनुवाई कार्यक्रमका विषयहरु :

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई
- रोजगार
- कृषि पशु
- भौतिक पूर्वाधार
- सुशासन विकास निर्माण
- सेवा प्रवाह स्थिति विवरण

गुराँस गाउँपालिका वडा नम्बर १ को आर्थिक बर्ष २०८१/०८२ को बार्षिक समिक्षा तथा सार्बजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा, सुझाव तथा जवाफ

क्र.स	*प्रश्कर्ताको नाम ठेगाना*	*प्रश्नकर्ताको प्रश्न, जिज्ञासा, सुझाव*	*जवाफदेही वक्ताको जवाफ*
१	जोरासिंह खड्का (वडा नम्बर १)	आगामी बर्षको वजेट अपाङ्गतामैत्री बनाइयोस्, साथै अपाङ्गता भएका व्यक्तीहरुको सञ्जालको लागि भवन निर्माण गरिदिन माग गर्दछु ।	**धर्म बहादुर रावल वडा अध्यक्ष:** हामीले वडालाई नै अपाङ्गतामैत्री बनाउने नीति लिएका छौँ । अर्को कुरा उनिहरुलाई स्वरोजगार बनाउनको लागि हामीले केही कामहरु अहिले पनि गरिरहेका छौँ र आगामी बर्षमा पनि संचालन गर्ने योजना छ । जो भवनको कुरा छ । अपाङ्ग सञ्जालको भवन आउँदो बर्ष निर्माण हुन्छ ढुक्क हुनुहोला ।
२	धन कुमारी सुनार (वडा नम्बर १)	हाम्रो टोलमा खानेपानी अभाव छ । खानेपानीको समस्या समाधान कहिले हुन्छ ?	**धर्म बहादुर रावल वडा अध्यक्ष:** हामी एक घर एक धारा कार्यक्रम संचालन गर्दै छौँ । वडाका सबै नागरिकको पहुँचमा खानेपानीको पहुँच पुर्याउने म प्रतिवद्धता जनाउछु । म उहालाई भन्न चाहान्छु आगामी बर्षभित्र तपाईंको टोलमा खानेपानीको समस्या समाधान भइसक्छ ।
३	शेर बहादुर सुनार (वडा नम्बर १)	हाम्रो सिमेसाल टोलमा सडकको आवश्यकता छ । त्यहाँ उत्पादित तरकारी हामीले बजारसम्म पुर्याउन सकिरहेका छैनौं । यसतर्फ वडा सरकारको ध्यान जावस् ।	**धर्म बहादुर रावल वडा अध्यक्ष:** प्रश्नको लागि धन्यवाद शेर बहादुर ज्युलाई । सिमेसाल मात्रै होइन् गुराँस गाउँपालिका वडा नम्बर १ का अन्य टोलमा पनि बाटो पुग्न सकेको अवस्था छैन । हामीले पहल गरिरहेका छौँ । पालिकाको दुइवटा जेसिभी छ, ति जेसिभी मार्फत बाटो खन्नुपर्छ भनेर हामीले सिफारिस गरेका छौँ । तर के प्रक्रिया मिलेको छैन कुन्नी पालिकाले रोकेको छ । हामी

			तत्काल बाटो निर्माणको लागि पहल लिन्छौँ । हामीले निर्वाचनमा पनि हामीले प्रतिवद्धता जनाएका थियौँ । त्यही प्रतिवद्धता अनुसार आगामी बर्षको वजेटमा हामी पहिलो प्राथमिकता बाटोलाई दिने निर्णय गरेका छौँ, म तपाईहरुलाई ढुक्क हुन्न आग्रह गर्दछु ।
४	कमला विसी (वडा नम्बर १)	खानेपानीको समस्या कहिले हट्छ हाम्रो खड्कबाडा टोलमा ?	**धर्म बहादुर रावल वडा अध्यक्षः** खड्कबाडा टोलमा खानेपानीको अभाव होइन् । त्यहाँ प्रसस्त पानी छ । तर त्यहाँ ट्याङ्की निर्माण हुन नसक्दा समस्या भएको हो । मैले अघि नै भनिसके हामी एक घर एक धारा कार्यक्रम संचालन गर्दै छौँ । तपाईंहरुको समस्या आगामी बर्षभित्र समाधान हुन्छ । सबैभन्दा समस्या केछ भने हामीले वजेटको लागि पहल गर्ने गरिएपनि पालिकाले सुनुवाई नगर्ने समस्या छ ।
५	मन कुमारी रावत (स्वास्थ्य स्वयमसेविका)	गर्भवती महिलाहरुलाई अहिले पनि भुईमा राखेर सुत्केरी बनाउनुपर्ने अवस्था छ । एउटा कार्पेट किन्न सकिन्न भने कुर्ची कुरेका के काम ? तपाईंहरुले यो पहल गर्नुपर्ने होइन ?	**धर्म बहादुर रावल वडा अध्यक्षः** उहाँहरुले पि फर्म माग्नुभयो, हामीले पि फर्म उपलब्ध गरायौँ । वजेट बनाउने बेलामा तपाईंले कुरा उठाउनुभएको छ । अब आउँदो बर्षमा मन कुमारी जीले उठाउनुभएको समस्या समाधान गर्ने प्रतिवद्धता जनाउछु । टोलटोलमा रहेका स्वास्थ्य समस्या समाधानको लागि पहल लिने छौँ ।
६	चनिकला विसी (स्वास्थ्य स्वयमसेविका)	आमा समुहको घर नै छैन् । स्वास्थ्य स्वयमसेविकालाई भनेअनुसारको सेवा सुविधा छैन् । यसको लागि धेरै पटक भनिसक्यौ तर सुनुवाई भएको छैन् किन हो ?	**धर्म बहादुर रावल वडा अध्यक्षः** स्वास्थ्य स्वयमसेविकाको सवालमा म सधै सकरात्मक छु । तपाईंहरुलाई सेवा सुविधा उपलब्ध गराउनुपर्छ भनेर मैले पहल लिइरहेको छु ।
७			
८	विमला विक (वडा नम्बर १)	माथिल्लो सेप्टीमा खानेपानीको लागि कुनै काम भएन । धारा मागेको पनि	**धर्म बहादुर रावल वडा अध्यक्षः** म फेरी भन्छु । अर्को बर्षदेखि वडा नम्बर १ मा रहेका खानेपानी

		भएको छैन् । खानेपानी समस्या छ खानेपानी सुधार गरेर घरमा पानी ल्याइदिनुपरो भन्दा पनि सुनुवाई भएको छैन् ।	समस्या समाधान हुन्छ । त्यसको लागि हामीले एक घर एक धारा कार्यक्रम लागु गरेर सबैको घरघरमा धारा पुर्याउने छौँ ।
९	काशिराम खड्का (वडा नम्बर १)	हाम्रो तिमिले खोलामा सिंचाईको अभाव छ । म सुन्तला र तरकारी गर्छु तर सिंचाई असुविधाले मलाई समस्या पारिरहेको छ, मैले बारम्बार सिंचाई सुविधाको लागि आग्रह गरेपनि हुन्छ भन्ने तर काम कहिले नहुने भएको छ किन होला ?	**धर्म बहादुर रावल वडा अध्यक्षः** तपाईँहरुको टोलका सबै किसानहरुले सामुहिक निवेदन दिनुहोला तपाईँहरुको टोलसम्म सिंचाई सुविधा पुर्याउने पहल गर्ने प्रतिवद्धता म यहाँ जनाउन चाहान्छु ।
१०	गणेश बहादुर खड्का (वडा नम्बर १)	हाम्रो यहाँको स्वास्थ्य चौकीमा औषधी भनेअनुसार पाइन्न किन होला ?	**ओम प्रसाद रिजाल (स्वास्थ्य चौकी प्रमुख):** नेपाल सरकारको नियमअनुसार हाम्रो स्वास्थ्य संस्थाले ९८ प्रकारका औषधी निशुल्क पाइन्छ । त्यस बारेमा हामीले नागरिक बडापत्रमा समेत उल्लेख गरेर राखिदिएका हुन्छौँ । तर औषधी मात्रै ९८ प्रकारका होइनन् । त्यसमा बालबालिकाको भिटामिन, परिवार नियोजनका साधनहरुलाई पनि राखिएको हुन्छ । तर कहिलेकाँही सामान्य खालको औषधी नपाइने गरेको सत्य हो, त्यसको लागि हामीले गाउँपालिकालाई जानकारी गराउने र गाउँपालिकाले खरिद गरेर ल्याउने गर्दछ । तथापी हामीले सक्दो सेवा दिएका हुन्छौँ ।
१२	अन्य सुझावहरु	वडाको शिक्षा, स्वास्थ्यको अवस्था सुधार गर्नेगरी योजना बनाएर जानुपर्छ । वडाभित्रका बाटाघाटाका सुधार गर्दै लैजाने र योजना छनौट गर्दा वस्ती स्तरसम्म पुगेर बनाउन सुझाव छ ।	

सार्वजनिक सुनुवाई गर्न अपनाइएको विधि :

- वडा कार्यालयसँग समन्वय
- सार्वजनिक सूचना टाँस, (फेसबुक, सूचना पार्टी, वेभसाइड)
- कार्यालयको तर्फबाट पत्रचार

कार्यक्रमबाट भएका उपलब्धिहरु :

- वडा कार्यालय र आम नागरिकबिचको सम्बन्ध प्रगाढ भई विकास निर्माणका काममा जनसहभागिता बढ्ने छ ।
- योजना/आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा नराम्रा दुवै पक्षको कार्यको मूल्याङ्कन हुनेछ । भने सुधारको मौका प्राप्त हुने छ ।
- जनताको आवश्यकता पहिचान भई त्यही अनुसारको योजना बनाउन सहयोग पुग्ने छ ।

सिकाई सुझाव :

समग्रमा हरेक वर्ष सार्वजनिक सुनुवाई कार्यक्रम हुने गरेका छन् । तर सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझै फराकिलो घेरामा बनाउनु आवश्यक देखिन्छ । यसको लागि निम्नलिखित सुझाव पेश गर्न चाहन्छौ ।

- सार्वजनिक सुनुवाईमा स्थानीय सहभागिताको लागि आयोजकले बढि ध्यान दिनुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रमबाट आएका सुझाव कार्यान्वयनमा ध्यान दिनुपर्ने ।
- वडामा नागरिक वडापत्रको प्रयोग बढाउनुपर्ने तथा सबै देखिने पहुँच भएको ठाउँमा राख्नुपर्ने ।
- स्थानीयको गुनासो अभिलेखीकरण गर्नुपर्ने ।
- जनताको गुनासोका आधारमा योजना निर्माण गरिनुपर्ने ।

निष्कर्ष :

स्थानीय तहलाई सेवाग्राहीप्रति उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउने र नागरिकलाई सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम प्रभावकारी देखिएका छन् । नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारी नियन्त्रण, सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर अशल शासन बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ । सार्वजनिक निकायमा गर्दै आएका कामलाई अझै सेवाप्रवाहमा थप सुधार ल्याउने वातावरण सिर्जना गर्न पनि यो उपयुक्त छ ।

नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार भएको हुँदा स्थानीय सरकारप्रति जनचासो देखाउनु, काम कारवाही र सेवाप्रवाहमा जनसहभागितामूलक र विगतका गल्ती कमजोरी सच्याएर लैजाने प्रतिवद्धताको लागि यो सुनुवाई महत्वपूर्ण रहेको निश्कर्ष निकालिएको छ ।

प्रतिवेदनहरुः

सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएका प्रतिवेदनहरु निम्न छन्:

- **वडा तर्फबाट सेवा प्रवाहको अवस्था सम्बन्धि प्रतिवेदनः** गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालयको सेवा प्रवाहको अवस्थाका विषयमा बार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।
- **विकास निर्माण र नीतिगत सुधार सम्बन्धि प्रतिवेदनः** विकास निर्माण अन्तरगत योजना कार्यान्वनयन तथा नीतिगत सुधारमा भएका प्रयासका विषयमा समेत जानकारीमुलक प्रतिवेदन पेश गरिएको थियो ।
- **नागरिक सर्वेक्षण प्रतिवेदन**: गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालयको सेवा प्रवाह र विकास निर्माणको सन्दर्भमा वडाभित्रका केही नागरिकलाई नमुनाको रुपमा प्रश्नहरु सोधि आएको परिणामहरु कार्यक्रममा प्रस्तुत गरिएको थियो । जसलाई तल प्रस्तुत गरिएको छ ।



सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?



२. सेवाको नियमितता

नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?



कार्यालयमा कर्मचारी र पदाधीकारीको नियमितता



तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?



यस कार्यालयले सार्बजनिक चासो तथा समस्या समाधान गर्न औसतमा कति दिन लगाउने गर्छ ?



सेवा प्रतिको जनविश्वास

यस कार्यालयले दिने सेवा प्रति कत्तिको विश्वस्त हुनुहुन्छ ?



यस कार्यालयले दिने सेवाको बारेमा अरुलाई जानकारी तथा प्रचार कत्तिको गर्ने गर्नुभएको छ ?



कर्मचारीप्रतिको विश्वास

विपन्न वर्गको लागि सेवा तथा वजेटको प्रयोग



सेवाको गुणस्तर



तपाइ यस कार्यालय आउदा कसको सहयोग लिनुभयो ?







तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?



तपाईको विचारमा पालिकावायसका सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा पदान गरेको जस्तो लाग्छ ?



तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?




सिफारिस सम्बन्धी
सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो?
६२%
३८%
०%
पाएँ
ठीकै पाएँ
स्पष्ट पाइँन


सिफारिस लिँदाकसको सहयोग लिनुभयो ?
२%
९८%
आफै
मध्यस्थकर्ता
नेता ठूलाबडा


राजस्वदस्तुर सेवाको कससँग उठाउने गर्दछन् ?
सबैसँग उठाउँछन्
०%
०%
१००%
सबैसँग उठाउँछन्
सीमित व्यक्तिसँग मात्र उठाउँछन्
धेरै वक्यौता रहने गरेको छ


कार्यालयमा सरसफाईको अवस्था कस्तो छ?
खराब
०%
राम्रो
०%
ठीकै
१००%


कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?
३८%
६०%
२%
तुरुन्तै हुन्छ
पटक पटकभने पछि मात्रै हुन्छ
जतिभने पनिहुन्न



तपाईको विचारमा कार्यालयले पूर्वाधार सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?
०%
८%
९२%
नियमित र राम्रोसँग
ठीकै गर्छ
नियमित रुपमा गर्दैन



तपाईको वडामा विकास निर्माणको स्थिति कस्तो छ?
०%
२%
९८%
राम्रो
ठीकै
खराब



तपाईको वडामा संचालन गरेका आयोजनाहरु कत्तिको प्रभावकारी छन् ?
प्रभावकारी छैनन्
०%
प्रभावकारी छन्
२%
ठीक छन्
९८%


स्थानीय सरकारमा आयोजनाको बिलभुक्तानी दिने व्यवस्था कस्तो छ?
०%
२%
९८%
०%
सहज
असहज
ठीकै
अप्ठयारो


आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?
९४%
६%
०%
पर्दैन
मागेरै लिन्छन्
रकम नदिए अप्ठ्यारो पार्छन्


आयोजना सञ्चालन गर्दा कार्यालयबाट प्राविधिक सहयोग कतिको पाउनु भयो ?
२%
४%
९४%
सजिलै पाइयो
कहिलेकाँही पाइयो
मागगर्दा पनि पाइएन

कार्यालयमा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?



यस कार्यालयको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?



पारदर्शिता सम्वन्धी

यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतकाबारेमाजानकारी पाउनु भएको छ ?




कार्यालयले निर्माण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट
कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?
हुने गरेको छैन
०%
हुने गरेको छ
१००%


सार्वजनिक हुने माध्यम के के हुन् ?
०%
१२%
०%
८६%
२%
वेवसाइट
सूचना पाटी
पत्रपत्रिका र मिडिया
सार्वजनिक सुनुवाई
जानकारी नै छैन


यस कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ?
१४%
८२%
०%
४%
सहजै पाए
धेरै पटक भनेपछि पाए
पाइन
वास्ता नै गरिएन


बहिर्गमन अभिमत
सेवालिनको सँग सम्पर्क गर्न भन्नेमातपाईको धारणा के–कस्तो छ ?
अस्पष्ट
०%
अति स्पष्ट
०%
ठिक
१००%


सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कतिबुझे जस्तो लाग्यो ?
१००%
०%
०%
अति धेरै
ठिक
धेरै


तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?
१००%
०%
0%
मिलनसार
ठिक
अभद्र


सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण – कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायककर्मचारीले स्पष्ट गरे कि?
१००%
0%
0%
अति स्पष्ट गरिदिए
ठिक
अलमल हुने गरी


तपाईले राख्नु भएका समस्यालाई के–कस्तो समाधान दिए ?
१००%
0%
0%
अति सजिलो तरिकाबाट समाधान दिए
ठिक
समाधान दिन सकेनन


सेवाप्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?
१००%
0%
0%
छोटो
ठिक
लामो

लिखित प्रतिवद्धता

सार्बजनिक सुनुवाई कार्यक्रममा सहभागि प्रश्नकर्ता र जवादेहीवक्ताबाट उठेका सवाल र जवाफको आधारमा लिखित प्रतिवद्धता समेत व्यक्त गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छ ।



Date______
Page______

आज मिती २०८२ साल असार ९ गतेका दिन ~~स्टार इन्नोभेसन~~ सुरोस गापा क्लबको आयोजना र स्टार इन्नोभेसनको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा तपाईहरुका लिखित प्रतिबद्धता व्यक्त गर्दछौं ।

तपाईहरु

प्रतिबद्धता १:- वडाको सेवालाई थप जनमैत्री बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्दछौं ।

प्रतिबद्धता-२:- स्वास्थ्य सेवालाई अझै प्रभावकारी बनाउँदै लैजाने र आवश्यक पर्ने औषधीहरु अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गर्दछौं ।

प्रतिबद्धता-३:- खानेपानीको समस्या समाधानको लागी एक घर एक धारा कार्यक्रम संचालन गर्दै गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

प्रतिबद्धता-४:- ~~...~~ सडक नपुगेका ठाउँमा सडक पुर्याउने र अन्य सडकहरुलाई स्तरउन्नती गर्दै लैजानेगरी सडकलाई आगामी बजेटमा प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्दछौं ।

प्रतिबद्धता :-५- विद्यालयहरुलाई सुरक्षित वातावरण बनाउन पहल गरिने छ । साथै शिक्षा क्षेत्रमा रहेका अन्य समस्या समाधान गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

प्रतिबद्धता-५:- अपाङ्गता भएका व्यक्ती, पछाडी पारिएका व्यक्ती हरुको लक्षित आयआर्जनका कार्यक्रम संचालन गर्ने प्रतिबद्ध छौं

प्रतिबद्धता ६:- वडाको विकासमा सबै प्रतिबद्ध रहेकाछौं

[illegible signatures]

सार्बजनिक सुनुवाइका झलकहरु